राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक २८३ | २०८३ जेठ ३ गते आईतवार (17 May. 2026) | पृष्ठ ४ | मूल्य रू. ३।-

## जानकी मन्दिरको विश्व सम्पदा अभियान



दैनिक समाचारदाता
जनकपुरधाम, २ जेठ। जानकी मन्दिर लाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउने उद्देश्यले जनकपुरधाममा 'सम्पदा यात्रा' आयोजना गरिएको छ ।शनिबार आयोजित 'जनकपुरधाम सम्पदा यात्रा' जानकी मन्दिर प्राङ्गणबाट सुरु भई शहरका विभिन्न ऐतिहासिक तथा धार्मिक सम्पदाको परिक्रमा गर्दै महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवन पुगेर सम्पन्न भएको थियो ।

यात्राका क्रममा जानकी मन्दिर, पेठिया बजार, रंगभूमि मैदान, रामजानकी विवाह मण्डप, अरगज्जा पोखरी, राम मन्दिर, धनुष सागर तथा गंगासागर लगायतका सम्पदास्थलमा बाजागाजासहित पदयात्रा गरिएको थियो ।

आयोजकका अनुसार जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा समावेश गराउने उद्देश्यले सम्पदा यात्रा आयोजना गरिएको हो ।

यात्रामा स्थानीय युवा, विद्यार्थी, संस्कृति संरक्षणकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## वीरगञ्ज भन्सारको राजस्व दुई खर्ब नजिक

वीरगञ्ज, २ जेठ। वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षका १० महिनामा झन्डै दुई खर्ब राजस्व संकलन गरेको छ। चालु आवका साउन महिनादेखि वैशाख मसान्तसम्म एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको हो ।

भन्सार विभागले यस अवधिमा वीरगञ्ज भन्सार कार्यालयलाई दुई खर्ब २३ अर्ब १८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरे पनि लक्ष्यको ८९ दशमलव ३५ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको छ ।

भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा राजस्व सङ्कलन सन्तोषजनक रहेको बताए । उनका अनुसार वीरगञ्ज भन्सार कार्यालयको राजस्वको मुख्य स्रोतका रूपमा पेट्रोलियम पदार्थको आयात, सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात रहेका छन् ।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो । चालु आवको दुई महिना अझै बाँकी रहेकाले थप राजस्व संकलन हुने कार्यालयको अपेक्षा छ ।

कार्यालयले चालु आवको साउनमा १८ अर्ब ४४ करोड, भदौमा २० अर्ब ७३ करोड, असोजमा १९ अर्ब नौ करोड, कात्तिकमा १७ अर्ब ३३ करोड, मङ्सिरमा २० अर्ब ८० करोड रुपैयाँ राजस्व संकलन गरेको थियो ।

यसैगरी, पुसमा २० अर्ब २० करोड, माघमा १८ अर्ब ९२ करोड, फागुनमा १९ अर्ब ३४ करोड, चैतमा २२ अर्ब ८२ करोड र वैशाखमा २१ अर्ब ७४ करोड रुपैयाँ राजस्व सङ्कलन गरिएको सूचना अधिकारी विष्टले बताए । -रासस

# फुटपाथ व्यवसायीका लागि 'मिना बजार'

दैनिक समाचारदाता
जनकपुरधाम २ जेठ। गंगासागर पोखरी आसपासबाट हटाइएका फुटपाथ व्यवसायीहरूको व्यवस्थापनका लागि जनकपुरधाममा 'मिना बजार' सञ्चालनमा ल्याइएको छ ।

जनकपुर कपडा तथा रेडिमेड व्यवसायी महासंघ को अगुवाइमा सञ्चालन गरिएको उक्त बजार विस्थापित व्यवसायीलाई वैकल्पिक व्यापारिक स्थान उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको हो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य मनिष झा ले फुटपाथ व्यवसायी व्यवस्थापनका लागि गरिएको पहल सकारात्मक र स्वागतयोग्य रहेको बताए । उनले देशभर ठूलो संख्यामा फुटपाथ व्यवसायी रहेकाले उनीहरूको तथ्यांक संकलन तथा दीर्घकालीन समाधान आवश्यक रहेको धारणा राखे ।



महासंघका अनुसार नयाँ बजारमार्फत १०० भन्दा बढी फुटपाथ व्यवसायीलाई व्यवस्थित रूपमा व्यापार गर्ने अवसर प्रदान गरिनेछ ।

बजार क्षेत्रमा सुरक्षित व्यापारिक वातावरण सुनिश्चित गर्न सुरक्षागार्डको व्यवस्था तथा सिसी क्यामेरा जडान गरिने जनाइएको छ ।

जनकपुरधाम उपमहानगरपालिका ले पनि फुटपाथ व्यवसायी व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अघि बढाइरहेको जनाएको छ। सरकारी प्रक्रिया पूरा हुन समय लाग्ने भएकाले तत्काल राहतस्वरूप निजी क्षेत्रको पहलमा बजार सञ्चालन गरिएको बताइएको छ ।

## ४८३ परिवारलाई लालपुर्जा वितरण

दैनिक समाचारदाता
जनकपुरधाम, २ जेठ। मिथिला बिहारी नगरपालिका मा ४८३ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ ।

साबिक मिथिलेश्वर निकास गाविसका वडा नम्बर ६, ७, ८ र ९ मा पुस्तौंदेखि गाउँब्लक जग्गा भोगचलन गर्दै आएका परिवारलाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको हो ।

नापी कार्यालय धनुषा अन्तर्गत २ नम्बर नापी टोलीका प्रमुख सियाराम साह ले नापनक्सा तथा दर्ता प्रक्रिया पूरा भएपछि शनिबार लालपुर्जा वितरण गरिएको जानकारी दिए ।

उनका अनुसार उक्त क्षेत्रबाट कार्यालयमा दर्ता भएका ६५८ निवेदनमध्ये हालसम्म ४८३

*बाँकी पृष्ठ ४मा*


## गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

**गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम



## सम्पादकीय

# गुणस्तरीय शिक्षाको सन्देश

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को नतिजाले नेपालको विद्यालय शिक्षाको वास्तविक अवस्था फेरि उजागर गरेको छ। देशभर करिब ६६ प्रतिशत विद्यार्थी मात्र ग्रेड प्राप्त गर्न सफल हुनु र मधेश प्रदेशमा ठूलो सङ्ख्यामा विद्यार्थी अनुत्तीर्णसरह रहनु शिक्षा क्षेत्रका लागि गम्भीर चिन्ताको विषय हो। यस्तो अवस्थामा जनकपुरधामस्थित मिथिला इन्स्टिच्यूट अफ टेक्नोलोजी (मिट) स्कूल ले हासिल गरेको उत्कृष्ट नतिजाले सकारात्मक सन्देश दिएको छ।

धनुषा जिल्लामै उत्कृष्ट नतिजा ल्याउन सफल मिट स्कूलले केवल केही विद्यार्थीलाई उच्च जीपीए दिलाएको मात्र होइन, गुणस्तरीय शिक्षाको सम्भावना पनि प्रमाणित गरेको छ। चार जना विद्यार्थीले ४.० जीपीए प्राप्त गर्नु सामान्य उपलब्धि होइन। अधिकांश विद्यार्थीले ए प्लस र ए ग्रेड हासिल गर्नु विद्यालयको शैक्षिक वातावरण, प्रभावकारी अध्यापन, अनुशासन र व्यवस्थापनको प्रतिफल हो। यसले सही योजना, दक्ष शिक्षक र प्रविधिमैत्री शिक्षण पद्धति अपनाइएमा मधेशमै पनि उत्कृष्ट शैक्षिक उपलब्धि सम्भव छ भन्ने देखाएको छ।

मधेश प्रदेशमा शिक्षा क्षेत्र लामो समयदेखि विभिन्न समस्याबाट प्रभावित रहँदै आएको छ। विद्यालयको कमजोर पूर्वाधार, शिक्षक अभाव, शैक्षिक वातावरणको कमी, राजनीतिक प्रभाव तथा अभिभावकको आर्थिक कठिनाइका कारण अपेक्षित सुधार हुन सकेको छैन। यही कारण प्रदेशबाट परीक्षामा सहभागी ७६ हजारभन्दा बढी विद्यार्थीमध्ये करिब ३२ हजार विद्यार्थी ग्रेडविहीन हुनु अत्यन्त दुःखद अवस्था हो। यस्तो अवस्थामा एउटा विद्यालयले उत्कृष्टता हासिल गर्नु केवल संस्थागत सफलता मात्र नभई समग्र शिक्षा क्षेत्रका लागि प्रेरणाको विषय बन्नुपर्छ।

विद्यालयका विद्यार्थी तथा अभिभावकले अनुशासन, प्रभावकारी शिक्षा प्रणाली र दक्ष शिक्षकलाई सफलताको आधार मानेका छन्। वास्तवमा कुनै पनि विद्यालयको गुणस्तर केवल भवन वा प्रचारले निर्धारण हुँदैन। त्यसका लागि दीर्घकालीन शैक्षिक दृष्टिकोण, शिक्षकको प्रतिबद्धता र विद्यार्थीमैत्री वातावरण आवश्यक हुन्छ। मिट स्कूलले यही पक्षलाई प्राथमिकतामा राखेकाले सफलता हासिल गर्न सकेको देखिन्छ।

तर, यस्ता सफलताले अर्को प्रश्न पनि उठाउँछन्–किन अधिकांश विद्यालयले यस्तो नतिजा दिन सकेका छैनन्? यदि एउटा विद्यालयले मधेशमै उत्कृष्टता हासिल गर्न सक्छ भने अन्य विद्यालय किन पछि परिरहेका छन्? यसको उत्तर खोज्नु राज्य, शिक्षा प्रशासन र विद्यालय व्यवस्थापन सबैको दायित्व हो। निजी विद्यालयका केही उदाहरणले मात्र समग्र शिक्षा प्रणाली सुध्रिने होइन। सामुदायिक विद्यालयमा पनि समान गुणस्तरको शिक्षा सुनिश्चित गर्न सकिएन भने शिक्षामा असमानता अझ गहिरिने खतरा रहन्छ।

आज आवश्यक कुरा केवल उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्ने होइन, कमजोर शैक्षिक अवस्थाको गम्भीर समीक्षा गर्नु पनि हो। प्रदेश सरकार, स्थानीय तह र शिक्षा सरोकारवालाले सफल विद्यालयका अभ्यासलाई अध्ययन गरी अन्य विद्यालयमा लागू गर्नुपर्ने आवश्यकता छ। प्रविधिमैत्री शिक्षा, शिक्षक तालिम, नियमित अनुगमन र अभिभावकको सहभागिता बढाउन सके मात्र समग्र शैक्षिक स्तर उकास्न सकिन्छ।

एसईईको नतिजा केवल अंकको प्रतिस्पर्धा मात्र होइन, राज्यको शैक्षिक अवस्थाको सूचक पनि हो। यस वर्षको नतिजाले एकातिर चुनौती देखाएको छ भने अर्कोतिर मिट स्कूलजस्ता उदाहरणले सम्भावनाको ढोका पनि खोलेका छन्। अब आवश्यकता त्यो सम्भावनालाई व्यापक बनाउने हो। गुणस्तरीय शिक्षा केही विद्यालयमा सीमित नभई प्रत्येक विद्यार्थीको पहुँचमा पुग्न सकोस्, यही आजको सबैभन्दा ठूलो आवश्यकता हो।

# एसईईको नतिजा, कागजी न्याय र आशाका किरणहरू



सुदामप्रसाद गौतम

वर्तमान सरकार गठन भएलगत्तै माध्यमिक शिक्षा परीक्षा (एसईई) हुँदै थियो। सरकारले एसईईको नतिजा एक महिनाभित्रै प्रकाशन गर्ने निर्णय गर्‍यो। सरकारको निर्णयलाई कार्यान्वयन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै परीक्षा केन्द्रहरूलाई परिपत्रसमेत जारी गर्‍यो। सरकारको यो निर्णय र निर्देशन धेरैका लागि अप्रत्याशित र आश्चर्यजनक नै थियो।

विगतमा तीन महिना लाग्ने काम एक महिनामै सक्ने निर्णय धेरैका लागि अचम्मको विषय बन्यो। केही विज्ञहरूले सामाजिक सञ्जालमा यसको आलोचनासमेत गरे। हतारमा काम गर्दा प्रणाली नै बिग्रन सक्ने तर्क उनीहरूको थियो।



तर सरकारले नयाँ निर्देशिका ल्याएर परीक्षालाई व्यवस्थित बनायो। परीक्षा सकिएको तीन दिनभित्रै उत्तरपुस्तिका जाँच्ने व्यवस्था गरियो। विगतमा निश्चित विज्ञले मात्र कापी जाँच्थे। यसपालि सम्बन्धित केन्द्रका विषय शिक्षकलाई नै जिम्मेवारी दिइयो। अन्ततः अनेकौं प्रश्न, आलोचना र आशंका चिर्दै निर्धारित समयसीमाभित्रै नतिजा प्रकाशन भयो। यसले एउटा 'पाराडाइम सिफ्ट' (चिन्तन पद्धतिमा परिवर्तन) गरिदिएको छ।

यस वर्ष देशभरबाट चार लाख ३० हजार ६६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए। जसमध्ये दुई लाख ८४ हजार १६० जनाले विभिन्न ग्रेड प्राप्त गरेका हुन् भने एक लाख ४६ हजार ५०७ जना 'नन ग्रेडेड' (एनजी) मा परेका छन्। ननग्रेडेड भएका विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षाको अवसर प्राप्त गर्नेछन्।

यसअघि २०८१ सालको एसईई नतिजामा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। यस वर्ष उक्त प्रतिशत बढेर ६५.९८ पुगेको हो। अघिल्लो वर्षको तुलनामा यस वर्ष ४.१७ प्रतिशत बिन्दुले नतिजामा सुधार आएको देखिएको छ। २०८० सालको एसईईमा ४७.८६ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भएका थिए भने ५२.१४ प्रतिशत विद्यार्थी ननग्रेडेड भएका थिए। लगातार दोस्रो वर्ष पनि नतिजामा सुधार देखिएपछि शैक्षिक क्षेत्रमा सकारात्मक सङ्केत देखिएको छ।

सार्वजनिक नतिजाअनुसार सबैभन्दा बढी ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको सङ्ख्या ४८ हजार ३९२ रहेको छ। त्यस्तै ३.२ देखि ३.६ जीपीए ल्याउने ८० हजार ३७२, २.८ देखि ३.२ जीपीए ल्याउने ९४ हजार २२२ र २.४ देखि २.८ जीपीए ल्याउने ५५ हजार ९७७ विद्यार्थी रहेका छन्। यस्तै २ देखि २.४ जीपीए ल्याउने पाँच हजार १९० विद्यार्थी रहेका छन् भने १ देखि २ जीपीए ल्याउने विद्यार्थीको सङ्ख्या सात रहेको छ। यो नतिजाले शिक्षा क्षेत्रमा सकारात्मक ऊर्जा थपेको छ।

यसपटक जनशक्ति थप गर्नुका साथै नयाँ निर्देशिकाको कडाइका साथ कार्यान्वयन गरिएकाले समयमा नतिजा आउन सम्भव भयो। 'माध्यमिक शिक्षा परीक्षा (एसईई) व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका, २०८२' मा 'परीक्षा समाप्त हुने समयमा तोकिएका परीक्षकहरू परीक्षण केन्द्रमा पुगिसक्नुपर्ने' व्यवस्था गरिएको थियो।

विगतमा परीक्षा केन्द्रमा उत्तरपुस्तिका पोको पारेर राख्ने गरिन्थ्यो। यसपटक उत्तरपुस्तिका थुपारेर राख्ने पुरानो चलन हटाइयो। तीन दिनभित्र विषयगत शिक्षकलाई समानुपातिक रूपमा वितरण गरेर सरासर जाँच गर्न लगाइएको थियो।

परीक्षण भएका उत्तरपुस्तिका आउनुअगावै प्राप्ताङ्क सङ्कलन र प्रविष्टिको कामलाई पनि छिटो बनाइयो। उत्तरपुस्तिका प्राप्त भएपछि त्यसलाई भिडाएर टेबुलेसन गरियो। नयाँ निर्देशिकामा परीक्षा भएकै दिन परीक्षक र सम्परीक्षकलाई उत्तरपुस्तिका बुझाइने, परीक्षणमा लापरबाही गरेको पाइएमा लापरबाहीको मात्रा हेरी पुनः परीक्षण गराउने, पारिश्रमिक कट्टा गर्ने वा परीक्षकको सूचीबाट नाम हटाउने, अन्य अमर्यादित कार्य गरेमा प्रचलित कानुनबमोजिम विभागीय कारबाहीसमेत गर्ने व्यवस्था गरिएको थियो।

यसपटक विगतका तुलनामा नतिजा सुधार पनि भएको छ। यसले नयाँ सरकारले शैक्षिक पात्रोलाई सही अर्थमा कार्यान्वयन गर्न सक्ने विश्वास पनि पलाएको छ। यसले दशकौंदेखि जकडिएर बसेको 'नेपालमा केही हुँदैन' भन्ने निराशावादी भाष्यलाई ध्वस्त पारेको छ। धेरैका सिमेन्टेड धारणा भत्काएको छ। 'गरे सम्भव हुन्छ' भन्ने तथ्य पुष्टि गरेको छ। राज्यको दृढ इच्छाशक्ति र शिक्षकमाथिको भरोसाको शक्ति देखाएको छ। यो 'शिक्षकलाई जिम्मेवारी र विश्वास दिंदा परिणाम राम्रो आउँछ' भन्ने बलियो प्रमाण हो।

यो सफलताको पछाडि सरकारको निर्देशन मात्र थिएन, बरु उत्तरपुस्तिका परीक्षणको परम्परागत र झन्झटिलो प्रक्रियालाई चिरेर सम्बन्धित परीक्षा केन्द्रका विषय शिक्षकहरूलाई नै जिम्मेवारी दिने निर्णय प्रमुख थियो। सुरुमा केही पूर्वप्रशासक र विज्ञहरूले समेत प्रणालीमा समस्या आउने आशङ्का गर्दै सामाजिक सञ्जालमा आलोचना गरेका थिए। अन्ततः शिक्षकप्रतिको विश्वासले नै सबै आशङ्कालाई गलत साबित गरिदियो।

यसले 'यदि नियत सफा छ र सङ्कल्प दृढ छ भने प्रक्रियाहरू परिणामका बाधक होइनन्, सहायक हुन्' भन्ने सन्देश दिएको छ। कतिपयले प्रणाली बिग्रने आशङ्का गर्नुका पछाडि उनीहरूको प्रक्रियाप्रतिको अन्धविश्वास थियो। यसले 'विश्वास नै सबैभन्दा ठूलो प्रशासनिक शक्ति हो' भनेर प्रमाणित गर्‍यो।

वास्तवमा यो नतिजा शिक्षकमाथिको विश्वासको परिणाम हो। शिक्षकलाई विश्वास गरेर जिम्मेवारी दिइएमा र शिक्षकमाथिको लगानी बढाइएमा देशको शैक्षिक गुणस्तर वृद्धि हुन्छ भन्ने कुराको यो प्रमाण हो। प्रधानाध्यापक सङ्घ नेपाल (पान) मार्फत हामीले यो कुरा विगतदेखि नै भन्दै आएका थियौं। 'सामुदायिक विद्यालयको अवस्था बदल्न शिक्षक र प्रधानाध्यापकहरूमाथि विश्वास गरिनुपर्छ र लगानी बढाइनुपर्छ' भनेर हामीले आवाज उठाउँदा कतिपयले सामुदायिक विद्यालयको अवस्था देखाएर त्यसलाई व्यक्ति-केन्द्रित

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# इरान युद्धबाट यी कम्पनीले कमाए अर्बौं डलर



अमेरिका र इजरेलले इरानमा सुरु गरेको युद्धले विश्वभरि हरेक घरमा खर्च बढाइरहँदा केही कम्पनीहरूलाई भने फाइदैफाइदा भएको छ।

युद्धले निम्त्याएको अनिश्चितता अनि इरानले होर्मुज जलमार्ग ठप्पप्रायः बनाउँदा मानिसहरूको दैनिक खर्च मात्रै बढेको छैन, सरकारदेखि निजी कम्पनी र परिवारहरू समेत नियमित खर्च कटौती गर्न बाध्य भएका छन्।

तर सबैले यस्तो घाटा मात्रै बेहोरिरहेका छैनन्। युद्धका कारण इन्धनको मूल्यमा उतारचढाव भइरहँदा केही व्यवसायहरूले अहिलेसम्मकै धेरै नाफा कमाएका छन्।

मध्यपूर्वको युद्ध सुरु भएपछि अर्बौं डलर कमाएका केही व्यवसाय र कम्पनीहरूबारे हामीले यहाँ चर्चा गरेका छौँ।

*१. तेल र ग्यास*

इरान युद्धको अहिलेसम्म सबैभन्दा ठूलो मार ऊर्जा अर्थात् इन्धनको मूल्यमा परेको छ।


विश्वको २० प्रतिशत तेल र ग्यास होर्मुज जलमार्ग हुँदै ढुवानी हुन्छ। तर युद्धका कारण फेब्रुअरीको अन्त्यबाट त्यो बाटो भएर ढुवानी गर्ने सबै ढुवानी ठप्प भयो।

त्यसको परिणाम इन्धनको बजारमा तत्कालै देखियो। इन्धनको मूल्य अचानक ह्वात्तै बढ्दा विश्वका ठूला तेल र ग्यास कम्पनीहरूले कुस्त नाफा कमाए।

त्यसबाट नाफा कमाउने युरोपका ठूला तेल व्यापारी कम्पनीहरू थिए। ब्रिटिश तेल तथा ग्यास कम्पनी बीपीको नाफा यो वर्षको पहिलो त्रैमासिकमा पहिलो पटक दोबरले बढेर ३ अर्ब अमेरिकी डलरभन्दा धेरै पुगेको छ।

*सन् २०२६ मा सुरुका तीन महिनामा बीपीको नाफा बढ्यो*

सन् २०२० को पहिलो त्रिमास (त्त१) देखि २०२६ मा सोही अवधिसम्मको त्रैमासिक आधारभूत प्रतिस्थापन लागत नाफा




सन् २०२६ का सुरुवाती तीन महिनामा फ्रान्सको अन्तर्राष्ट्रिय कम्पनी टोटल एनर्जिजको नाफा पनि एकतिहाइले बढेर ५.४ अर्ब अमेरिकी डलर पुगेको छ। तेल र ऊर्जा बजारमा देखिएको उथलपुथलका कारण यो कम्पनी पनि नाफा आर्जन गर्न सफल भयो। अमेरिकी कम्पनीहरू एक्सअन मोबिल र शेभ्रनको नाफा भने अघिल्लो वर्षको प्रथम त्रैमासिक अवधिका तुलनामा घटेको छ।

मध्यपूर्वबाट आपूर्ति प्रणालीमा देखिएको अवरोधका कारण यी कम्पनीहरूले चाहिँ अपेक्षित नाफा कमाउन सकेनन्। तर विश्लेषकहरूले वर्षको अन्त्यसम्म यी कम्पनीहरूले पनि नाफा आर्जन गर्न सक्ने अपेक्षा गरेका छन्।

*२. ठूला ब्याङ्कहरू*

विश्वका केही ठूला ब्याङ्कहरूले पनि इरानमा युद्ध जारी रहँदा आफ्नो नाफा बढाएका छन्। सन् २०२६को पहिलो त्रैमासिक अवधिमा जेपी मोर्गन ब्याङ्कको व्यापार शाखाले ११.६ अर्ब आय गरेको छ। योसँगै ब्याङ्कको समग्र त्रैमासिक नाफा अहिलेसम्मकै दोस्रो धेरै कायम भएको छ।

यो वर्षको पहिलो तीन महिनामा विश्वका सबैभन्दा ठूला छ वटै ब्याङ्कको नाफा बढेको देखिएको छ। पहिलो त्रैमासिक अवधिमा उल्लेख्य नाफा बढाउने ती छ वटा ब्याङ्कहरू ब्याङ्क अफ अमेरिका, मोर्गन स्ट्यान्ली, सिटी ग्रूप, गोल्डमन साक्स, वेल्स फार्गो र जेपी मोर्गन हुन्।

ती ब्याङ्कहरूले सन् २०२६को पहिलो त्रैमासिक अवधिमा एकमुष्ट गरेर ४७.७ अर्ब अमेरिकी डलर नाफा कमाए।

“व्यापारको ठूलो परिमाणले लगानी ब्याङ्कहरूलाई फाइदा भयो। खास गरी मोर्गन स्ट्यान्ली र गोल्डमन साक्सजस्ता ब्याङ्कहरूलाई,“ वेल्थ क्लबका लगानी रणनीतिकार सुसाना स्ट्रीटर भन्छिन्।

वाल स्ट्रीटका प्रमुख ऋण दाताहरूको मूल्य पनि व्यापारका लागि माग बढेका कारण उच्च भएको छ। लगानीकर्ताहरूले जोखिम भएका धितोपत्र र ऋणपत्र बेचेर सुरक्षित ठानिने नगद सम्पत्ति थुपार्दा ब्याङ्कहरू फाइदामा गए।अर्थतन्त्रमा देखिएको उतारचढावको मौका छोप्दै लगानीकर्ताहरूले व्यापारको परिमाण पनि बढाए।

“युद्धले सिर्जना गरेको उतारचढावले व्यापार बढायो। युद्ध बढ्ने डरले केही लगानीकर्ताहरूले धितोपत्र बिक्री गरे। बाँकीले मूल्य घटेको मौका छोपेर त्यही बेला किने, जसले घटेको मूल्य उकास्न सहयोग गऱ्यो,“ स्ट्रीटर थप्छिन्।

सन् २०२६ का सुरुवाती तीन महिनामा फ्रान्सको अन्तर्राष्ट्रिय कम्पनी टोटल एनर्जिजको नाफा पनि एकतिहाइले बढेर ५.४ अर्ब अमेरिकी डलर पुगेको छ। तेल र ऊर्जा बजारमा देखिएको उथलपुथलका कारण यो कम्पनी पनि नाफा आर्जन गर्न सफल भयो।

अमेरिकी कम्पनीहरू एक्सअन मोबिल र शेभ्रनको नाफा भने अघिल्लो वर्षको प्रथम त्रैमासिक अवधिका तुलनामा घटेको छ।

मध्यपूर्वबाट आपूर्ति प्रणालीमा देखिएको अवरोधका कारण यी कम्पनीहरूले चाहिँ अपेक्षित नाफा कमाउन सकेनन्। तर विश्लेषकहरूले वर्षको अन्त्यसम्म यी कम्पनीहरूले पनि नाफा आर्जन गर्न सक्ने अपेक्षा गरेका छन्।

*२. ठूला ब्याङ्कहरू*

विश्वका केही ठूला ब्याङ्कहरूले पनि इरानमा युद्ध जारी रहँदा आफ्नो नाफा बढाएका छन्।

सन् २०२६को पहिलो त्रैमासिक अवधिमा जेपी मोर्गन ब्याङ्कको व्यापार शाखाले ११.६ अर्ब आय गरेको छ। योसँगै ब्याङ्कको समग्र त्रैमासिक नाफा अहिलेसम्मकै दोस्रो धेरै कायम भएको छ।

यो वर्षको पहिलो तीन महिनामा विश्वका सबैभन्दा ठूला छ वटै ब्याङ्कको नाफा बढेको देखिएको छ। पहिलो त्रैमासिक अवधिमा उल्लेख्य नाफा बढाउने ती छ वटा ब्याङ्कहरू ब्याङ्क अफ अमेरिका, मोर्गन स्ट्यान्ली, सिटी ग्रूप, गोल्डमन साक्स, वेल्स फार्गो र जेपी मोर्गन हुन्।

ती ब्याङ्कहरूले सन् २०२६को पहिलो त्रैमासिक अवधिमा एकमुष्ट गरेर ४७.७ अर्ब अमेरिकी डलर नाफा कमाए।

“व्यापारको ठूलो परिमाणले लगानी ब्याङ्कहरूलाई फाइदा भयो। खास गरी मोर्गन स्ट्यान्ली र गोल्डमन साक्सजस्ता ब्याङ्कहरूलाई,“ वेल्थ क्लबका लगानी रणनीतिकार सुसाना स्ट्रीटर भन्छिन्।


वाल स्ट्रीटका प्रमुख ऋण दाताहरूको मूल्य पनि व्यापारका लागि माग बढेका कारण उच्च भएको छ। लगानीकर्ताहरूले जोखिम भएका धितोपत्र र ऋणपत्र बेचेर सुरक्षित ठानिने नगद सम्पत्ति थुपार्दा ब्याङ्कहरू फाइदामा गए। अर्थतन्त्रमा देखिएको उतारचढावको मौका छोप्दै लगानीकर्ताहरूले व्यापारको परिमाण पनि बढाए।

“युद्धले सिर्जना गरेको उतारचढावले व्यापार बढायो। युद्ध बढ्ने डरले केही लगानीकर्ताहरूले धितोपत्र बिक्री गरे। बाँकीले मूल्य घटेको मौका छोपेर त्यही बेला किने, जसले घटेको मूल्य उकास्न सहयोग गऱ्यो,“ स्ट्रीटर थप्छिन्।

*३. हतियार कम्पनीहरू*

यूकेको व्यापार परामर्शदाता आरएसएमकी वरिष्ठ विश्लेषक एमली साभिचका अनुसार युद्धका समयमा पहिलो नाफा कमाउने रक्षा क्षेत्र अर्थात् हतियार उत्पादन तथा बिक्री कम्पनीहरू हुन्।

“युद्धले रक्षा क्षमतामा देखिएको खाडल उजागर गरिदिन्छ र क्षेप्यास्त्र प्रतिरक्षा, ड्रोन प्रणाली र सैन्य उपकरणमा युरोप र अमेरिकाभरि लगानी बढाउँछ,“ उनले बीबीसीसँग भनिन्।




रक्षा कम्पनीहरूको महत्त्व उजागर गर्दै युद्धले सरकारहरूलाई पनि हतियारको मौज्दात बढाउन उद्वेलित गर्छ र हतियारको माग पनि बढाउँछ।

*साभार: बीबीसी/नेपाली*

# एसईईको नतिजा.......

मुद्दा जस्तो बनाए ।

पानले सामुदायिक विद्यालयको अवस्था बदल्न देशभरका विद्यालयका प्रधानाध्यापकहरूलाई विविध खालका तालिमहरू सञ्चालन गऱ्यो । प्रअहरूको क्षमता अभिवृद्धि गर्न र सामुदायिक विद्यालयको चित्र बदल्ने पानको अभियान सुरुमा यस्तै आशङ्का र प्रश्नहरूबीच थियो । तर, जब पानले देशभरका प्रअहरूको सञ्जाल तयार गरी कार्यक्रम अघि बढायो, त्यसपछि धेरैमा नयाँ आशा जन्मायो ।

नेपालको शिक्षा बदल्न सबैभन्दा पहिला सामुदायिक विद्यालयलाई व्यवस्थित बनाउनैपर्दछ । सामुदायिक विद्यालयको आमूल रूपान्तरण गर्नैपर्दछ । तिनलाई गर्व गर्न लायक शैक्षिक केन्द्रका रूपमा उठाउनैपर्दछ । शिक्षकहरूमाथि विश्वास गरेर उनीहरूको क्षमता विकासमा ध्यान दिनैपर्दछ । राज्यले चाहेमा र सरकार इमानदारीपूर्वक लागेमा सामुदायिक विद्यालयहरू नयाँ उचाइमा पुग्नेछन् ।

कतिपयलाई ‘नेपालमा सामुदायिक विद्यालयहरू कहिल्यै पनि माथि उठ्न सक्दैनन्’ भन्ने लाग्छ । ‘सामुदायिक विद्यालय बदलिने कुरा फलामको चिउरा चपाउनुसरह हो’ भन्ने उनीहरूलाई छ । तर, जसरी ‘एक महिनाभित्र एसईईको नतिजा सार्वजनिक गर्न सम्भव छैन’ भनेर बनाइएको भाष्य तोडियो, त्यसैगरी ‘एक वर्षमै सामुदायिक विद्यालय नयाँ ठाउँमा पुऱ्याउन सम्भव छ’ भन्ने तथ्य प्रमाणित गर्न सकिन्छ । त्यसका लागि शिक्षा मन्त्रालय, मातहतका सबै निकाय, विद्यालय व्यवस्थापन, प्रअ, शिक्षक र सरोकारवाला सबैले ‘यो सम्भव छ’ भन्ने कुराको सङ्कल्प गरेर लाग्नु जरुरी छ ।

नेपालको सार्वजनिक प्रशासन र शिक्षा क्षेत्रमा एउटा गहिरो मनोवैज्ञानिक ‘क्यान्सर’ रोग छ- ‘कुनै पनि काम समयमै सम्पन्न नहुने र प्रक्रियाको नाममा परिणामलाई ओझेलमा पार्ने ।’ परिणामभन्दा कागजी प्रक्रियालाई मात्र महत्त्व दिइन्छ । यसले गर्दा मिहिनेती शिक्षकहरू पनि निरुत्साहित छन् ।

राज्यका संरचनाहरू त छन्, तर ती सबै फड्के किनाराका साक्षी जस्तै भएका छन् । हरेक काम-कार्यमा प्रक्रिया पूरा गर्ने नाममा ढिलासुस्ती गर्नु राष्ट्रिय रोग जस्तै छ । प्रक्रिया एक कर्मकाण्ड जस्तो छ । नियत र परिणाम नहेर्ने, प्रक्रिया मात्रै हेर्ने गरिन्छ । ‘प्रक्रिया पुऱ्याउन महिनौँ/वर्षौं लागे पनि लागोस्, बरु काम नै नहोस् तर कागजपत्र-प्रक्रिया सबै मिल्नुपर्छ, मिलाउनुपर्छ’ भन्ने रोगले देशमा जबर्जस्त राज गरेको छ ।

नेपाली प्रशासनको ठूलो समस्या ‘कागजी न्याय’ हो । प्रक्रिया पुगेको छ भने परिणाम शून्य भए पनि यहाँ कसैलाई कारबाही हुँदैन । तर प्रक्रियामा सानो तलमाथि भएमा परिणाम जतिसुकै उत्कृष्ट आए पनि त्यसलाई स्वीकारिँदैन । यो अमानवीय छ । शिक्षा जस्तो जीवन्त क्षेत्रमा जहाँ विद्यार्थीको भविष्य जोडिएको हुन्छ, त्यहाँ प्रक्रियाको नाममा परिणामलाई बन्धक बनाइनु हुँदैन । हामीले बुझ्नुपर्छ कि प्रक्रिया मानिसका लागि बनाइएको हो, मानिस प्रक्रियाका लागि होइन । जब कानुनले मानिसको प्रगति र समयको मूल्य बुझ्दैन, तब त्यो कानुन सुधार गर्नु आवश्यक हुन्छ ।

कुनै पनि राष्ट्रको मेरुदण्ड त्यसका सिर्जनशील नागरिक र साहसिक निर्णय लिन सक्ने प्रशासकहरू हुन् । तर, प्रक्रियाको जञ्जालले एउटा यस्तो मनोवैज्ञानिक घेरा निर्माण गरिदिएको छ, जहाँ ‘गल्ती नगर्ने’ नाममा ‘केही पनि नगर्ने’ प्रवृत्ति हुर्किएको छ । एकजना प्रधानाध्यापकले विद्यालयको शैक्षिक गुणस्तर सुधार्न आफ्नो दिनरात समय दिन्छ, मिहिनेत र पसिना बगाउँछ; तर राज्यको प्रणालीले उसको त्यो मिहिनेतलाई देख्दैन ।

बरु एउटा सानो प्राविधिक प्रक्रिया नमिलेको निहुँमा उसलाई अपराधीको कठघरामा उभ्याइन्छ । यो प्रवृत्तिले ‘पहलकदमी’ लिने इच्छाशक्तिलाई मार्ने काम गर्छ । वास्तवमा यो सङ्कीर्ण जडता हो, जसले मानिसलाई यन्त्र बनाउँछ र मानवीय संवेदना तथा आवश्यकतालाई कागजको पानामा कैद गरिदिन्छ ।

यहाँ प्रक्रिया आफैँमा एउटा गन्तव्य जस्तो बन्न गएको छ । जब साधन नै साध्य बन्न पुग्छ, तब प्रणालीमा एउटा गम्भीर विचलन आउँछ । यो एक प्रक्रियामुखी क्यान्सर हो । यो यस्तो रोग हो, जहाँ बिरामीको उपचार भयो कि भएन भन्ने कुरा गौण हुन्छ, अस्पतालको कागजी प्रक्रिया मिल्यो कि मिलेन भन्ने कुराले प्रधानता पाउँछ । वास्तवमा यो अर्थहीन कर्मकाण्डबाहेक केही होइन । यसले गर्दा शिक्षकहरू पहलकदमी लिनुभन्दा ‘घाम ताप्ने र समय टार्ने’ बाध्यतामा अभ्यस्त छन् । अब यसलाई तोड्न जरुरी छ ।

एसईईको नतिजाले देखाएको छ कि नियत सफा भए असम्भव काम पनि सम्भव हुन्छ । सामुदायिक विद्यालयलाई गर्व गर्न लायक बनाउन अब सबै सरोकारवालाले सङ्कल्प गर्नुपर्छ । राज्यले इमानदारीपूर्वक प्रयास गरे एक वर्षमै विद्यालयको अवस्था बदल्न सकिन्छ । प्रक्रियाको नाममा परिणाम ओझेलमा पार्ने प्रवृत्ति त्यागेर अब नतिजामुखी शिक्षामा लाग्नुपर्छ ।

(गौतम प्रधानाध्यापक संघ नेपालका केन्द्रीय अध्यक्ष हुन् ।)

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# १४१ किलो गाँजासहित दुई पक्राउ

दैनिक समाचारदाता
सप्तरी, २ जेठ। जिल्ला प्रहरी कार्यालय सप्तरी ले ठूलो परिमाणमा लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धनकुटाको साङ्गुरीगढी गाउँपालिका-१ का ३३ वर्षीय महाप्रसाद लिम्बू र मोरङको लेटाङ नगरपालिका-५ का ४७ वर्षीय बलबहादुर लिम्बू रहेका छन्। उनीहरूलाई १४१ किलो गाँजासहित बिहीबार नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गत रञ्जितपुर क्षेत्रमा सवारी जाँचका क्रममा धरानबाट लहानतर्फ जाँदै गरेको को १ च २६६७ नम्बरको पिकअप भ्यानमा शङ्का लागेपछि खानतलासी गरिएको थियो। जाँचका क्रममा गाडीभित्र लुकाइराखिएको १४ पोकामा कुल १४१ किलो गाँजा फेला परेको प्रहरी नायब उपरीक्षक




डम्बरबहादुर पुरी ले जानकारी दिए।

प्रहरीले पिकअप भ्यानसहित दुवै जनालाई नियन्त्रणमा लिई सप्तरी जिल्ला अदालत बाट सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाएको जनाएको छ।

यसैबीच, सवारी ज्यान मुद्दामा आठ महिनादेखि फरार रहेका खडक नगरपालिका-१० का २६ वर्षीय शिवामणि चौधरीलाई पनि प्रहरीले पक्राउ गरेको छ। उनलाई बेल्हा क्षेत्रबाट लुकिछिपी बसेको अवस्थामा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

गत असोज १६ गते खडक नगरपालिका-११ मा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा चालक चिन्तामणि चौधरी र सोभिनकुमार चौधरीको उपचारका क्रममा मृत्यु भएको थियो। उक्त घटनासम्बन्धी मुद्दामा अदालतबाट छ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, अग्निसाइर कृष्णसवरण गाउँपालिका-६ मा गुडिरहेको गाडी रोकी सिसा फुटाउने तथा अभद्र व्यवहार गरेको आरोपमा दुई जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा सोही स्थानका ३० वर्षीय सन्तोष मण्डल र ३३ वर्षीय सञ्जय चौधरी रहेका छन्।

राजेन्द्रप्रसाद साहको जाहेरीका आधारमा उनीहरूविरुद्ध अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरिएको तथा जिल्ला प्रशासन कार्यालय सप्तरी बाट चार दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

# अवैध यार्सा संकलनमा १५ पक्राउ



डोल्पा २ जेठ। शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज अन्तर्गतका विभिन्न यार्सापाटन क्षेत्रमा अवैध रूपमा प्रवेश गरी यार्सागुम्बा संकलन गरिरहेका १५ जनालाई पक्राउ गरिएको छ।

निकुञ्ज कार्यालयका अनुसार नेपाली सेना र निकुञ्ज कर्मचारीको संयुक्त गस्ती टोलीले दुई छुट्टाछुट्टै स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो। निकुञ्ज सुरक्षार्थ खटिएको श्रीसंग्राम शार्दुल गुल्मअन्तर्गत सुरक्षा पोस्ट तोइजुमबाट परिचालित टोलीले कारबाही गरेको जनाएको छ।

शुक्रबार बिहान रिखे पुल बाट टाङटुङ्गे पाटनतर्फ जाँदै गरेका नौ जनालाई पक्राउ गरिएको थियो। पक्राउ पर्नेमा जगदुल्ला गाउँपालिका-३ थापागाउँकी रमिला बिक, सर्वन बिक तथा जुम्लाको गुठीचौर गाउँपालिका-१ का कलौती कामी, रूपलाल बिक, लालप्रसाद बिक, प्रकाश बिक, फूलमाया बिक, निराजन बिक र सुनिल बिक रहेका छन्। यस्तै शुक्रबार साँझ जगदुल्ला गाउँपालिका-१ अन्तर्गत शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज को कोर क्षेत्र फूलबारी पाटनबाट थप छ जनालाई पक्राउ गरिएको निकुञ्ज कार्यालयले जनाएको छ। पक्राउ पर्नेमा हुरीकोटका निशेष रावल तथा जुम्लाको पातारासी गाउँपालिका-५ का प्रवीण बुढा, सन्दीप महतारा, दिनेश बोहरा, धर्मदत्त महतारा र वीरबहादुर बुढा रहेका छन्। पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि निकुञ्ज कार्यालयको नियन्त्रणमा राखिएको छ।निकुञ्ज प्रशासनले अनुमति बिना कोर क्षेत्रमा प्रवेश गरी यार्सागुम्बा संकलन गर्नु गैरकानुनी भएको उल्लेख गर्दै यस्ता गतिविधिमाथि कडाइ गरिएको जनाएको छ।

# प्रधानमन्त्री कार्यालयको नाम दुरुपयोग गर्ने युवक पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, २ जेठ। जिल्ला प्रहरी परिसर काठमाडौं ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाम दुरुपयोग गरी राष्ट्रसेवक कर्मचारीलाई धम्की दिएको आरोपमा एक जनालाई पक्राउ गरेको छ।पक्राउ पर्नेमा सुर्खेत घर भई काठमाडौंको शङ्खमुल बस्दै आएका २२ वर्षीय प्रकाश खड्का रहेका छन्। उनलाई आज पक्राउ गरिएको परिसरका प्रवक्ता तथा प्रहरी उपरीक्षक पवनकुमार भट्टराई ले जानकारी दिए।

प्रहरीका अनुसार खड्काले आफू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बाट बोलेको भन्दै दैलेखको दुल्लु नगरपालिका-१३ का वडा सचिव कमल भण्डारीलाई फोनमार्फत धम्की दिएका थिए। उक्त अडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि घटनाले व्यापक चर्चा पाएको थियो।घटनापछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्याल ले विज्ञप्ति जारी गर्दै सुरक्षा तथा अनुसन्धान निकायलाई तत्काल कानुनी कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए।

कार्यालयले राष्ट्रसेवक कर्मचारीमाथि भय, त्रास र दबाब सिर्जना गर्ने तथा अमर्यादित व्यवहार गर्ने गतिविधि निन्दनीय र अक्षम्य भएको जनाएको छ।

साथै प्रधानमन्त्री, प्रधानमन्त्रीको सचिवालय वा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाम प्रयोग गरी धम्की दिने, बार्गेनिङ गर्ने वा अनुचित दबाब सिर्जना गर्ने प्रयासप्रति सचेत रहन आग्रह गरिएको छ। कार्यालयले यस्ता शङ्कास्पद फोन, सन्देश वा संवाद आधिकारिक माध्यमबाट प्रमाणीकरण गरेर मात्र आवश्यक कामकारबाही अघि बढाउन पनि अनुरोध गरेको छ।

# चीनले बोइङसँग २०० जहाज किन्ने

काठमाडौं, २ जेठ। चीनले अमेरिकी विमान निर्माता बोइङसँग २०० वटा जहाज किन्ने भएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन भ्रमणबाट फर्कने क्रममा पत्रकारहरूसँगको कुराकानीमा बोइङका २०० वटा जहाज खरिद गर्न बेइजिङ सहमत भएको बताएका हुन्।

ट्रम्पले अरू ४/५ सय जेट इन्जिन खरिदका लागि पनि चीनले प्रतिबद्धता जनाएको बताएका छन्।

'२०० विमान र अरू ४/५ सय जेट इन्जिन किन्ने प्रतिबद्धता छ। पछिसम्म राम्रो हुँदै गए ७५० वटासम्म किन्ने योजना हो,' ट्रम्पले भने।

उनले यो सम्झौतापछि अमेरिका-चीन सहकार्यमा नयाँ गति आउने विश्वास व्यक्त गरे।

ट्रम्पको अभिव्यक्तिपछि बोइङले विज्ञप्ती जारी गरी चीन बजार पुनः खुलाउन सफल भएको भनेर दाबी गरेको अमेरिकी अखबार द न्युयोर्क टाइम्सले लेखेको छ।

बोइङका प्रमुख कार्यकारी अधिकृत केली ओर्टबर्ग पनि ट्रम्पसँगै बेइजिङ भ्रमणमा सहभागी अमेरिकी व्यवसायिक प्रतिनिधिमण्डलमा थिए।

'हाम्रो चीन भ्रमण अत्यन्त सफल रह्यो र बोइङ विमानका अर्डरका लागि चीन बजार पुनः खुलाउने मुख्य उद्देश्य पूरा भयो। यसमा प्रारम्भिक रूपमा २०० विमानको प्रतिबद्धता समावेश छ, र यसपछि थप प्रतिबद्धता आउने अपेक्षा गरेका छौं,' बोइङले भनेको छ।

सम्झौता कार्यान्वयन भएको खण्डमा यो झन्डै एक दशकयता चीनमा बोइङ विमानको सबैभन्दा ठूलो एकमुष्ट बिक्री हुनेछ। यद्यपि कम्पनीले कुन मोडलका विमान बिक्री हुने र कुन चिनियाँ एयरलाइन्सले खरिद गर्ने भन्ने विवरण भने नखुलाएको टाइम्सले लेखेको छ।

चीन सरकार भने यस विषयमा सावधानीपूर्वक प्रस्तुत भएको छ।

ट्रम्प बेइजिङबाट फर्किएपछि चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुन लाई विमान खरिदबारे सम्झौताबारे पत्रकारहरूले प्रश्न गरेका थिए।

उनले त्यसमा पुष्टि नगरी चीन-अमेरिका व्यापार सम्बन्ध पारस्परिक लाभमा आधारित रहेको मात्रै भनेका छन्।

'दुवै पक्षले दुई राष्ट्राध्यक्षबीच भएको महत्वपूर्ण सहमतिलाई संयुक्त रूपमा कार्यान्वयन गर्दै चीन-अमेरिका आर्थिक तथा व्यापार सहकार्य र विश्व अर्थतन्त्रमा थप स्थायित्व ल्याउनुपर्छ,' जबाफमा उनले भने।

चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि ट्रम्पसँग भेटपछि सहकार्यका विस्तृत परिणाम हासिल गरेको भनेका छन्। उनी विमान खरिद गर्नेबारे खुला रूपमा बोलेका छैनन्।

पछिल्ला वर्षहरूमा चीन-अमेरिका शिखर वार्ताअघि बोइङसँग ठूलो सम्झौता हुने अनुमान बारम्बार गरिए पनि धेरैजसो कार्यान्वयनमा आएका थिएनन्।

सन् २०२४ मा सरकारी स्वामित्वको चाइना डेभलपमेन्ट बैंकको विमान लिजिङ इकाइले ५० वटा बोइङ ७३७ म्याक्स-८ अर्डर गरेको थियो, तर त्यो शिखर वार्तासँग जोडिएको थिएन।

सन् २०१८ र २०१९ मा बोइङ ७३७ म्याक्सका दुई घातक दुर्घटनापछि चीनमा बोइङ विमानको डेलिभरी उल्लेख्य रूपमा घटेको थियो। त्यसपछि कोभिड महामारी, व्यापार तनाव र ट्रम्प प्रशासनको भन्सार नीतिले बोइङको चीन बजार थप प्रभावित बनाएको थियो। चीनले सन् २०२० मा अमेरिकी उत्पादन खरिद बढाउने सहमति गरे पनि महामारीपछि त्यसलाई कार्यान्वयन नगरी २९ वटा ७३७ म्याक्स विमानको अर्डर रद्द गरेको थियो।

यता बोइङ कमजोर बनेपछि युरोपेली प्रतिस्पर्धी एयरबसले चीनमा बजार हिस्सा बढाएको छ। उड्डयन डेटा कम्पनी सिरियमका अनुसार चिनियाँ ग्राहकसँग एयरबसका झन्डै ५०० विमान अर्डरमा छन् भने बोइङका २०० भन्दा कम छन्।

तीव्र रूपमा विस्तार भइरहेको उड्डयन बजार कुनै एक कम्पनीमा पूर्ण निर्भर रहन चाहँदैन भन्ने विज्ञहरुको धारणा छ। त्यसैले चीनले आगामी वर्षहरूमा बोइङ र एयरबस दुवैबाट विमान खरिद जारी राख्ने सम्भावना बलियो देखिएको उनीहरू बताउँछन्।

# ४८३ परिवारलाई.........

परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ। बाँकी परिवारलाई पनि आवश्यक प्रक्रिया पूरा गरी चाँडै लालपुर्जा उपलब्ध गराइने उनले बताए।

टोली प्रमुख साहले लालपुर्जा प्राप्तिपछि स्थानीयवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरे।

वडाध्यक्ष सुरेन्द्रकुमार मण्डल ले पुस्तौंदेखि भोगचलन गर्दै आएको गाउँब्लक जग्गाको स्वामित्व प्राप्तिका लागि स्थानीयवासीले लामो समय संघर्ष गरेको उल्लेख गर्दै सरकारी कर्मचारीको निरन्तर प्रयासपछि लालपुर्जा वितरण सम्भव भएको बताए।

लालपुर्जा प्राप्त गरेका स्थानीयवासीले पुर्ख्यौली जग्गामा कानुनी अधिकार प्राप्त भएको भन्दै खुसी व्यक्त गरेका छन्।


कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र न्यौपाने, कार्यपालिका सदस्य रामउदगार दास, सर्वेक्षक राजीवप्रसाद साह, अमिन श्यामराज पण्डित, सञ्जय यादवलगायत कर्मचारी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो।

सडक सुरक्षा


रात होस् वा दिन, नियम पालना, सुरक्षित यात्रा हाम्रो कामना
मादक पदार्थ सेवन गरी गाडी नकुदाऔं,
आफ्नो र अरुको ज्यान बचाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४